# ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

खण्ड :०६ संख्या : ०२ प्रकाशित मिति : २०७९/११/०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को उपदफा (४) को (१) बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग–०२

## ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता दर्ता, नविकरण कार्यविधि २०७९

**प्रस्तावना :**

ताँजाकोट गाउँपालिका क्षेत्रमा पशुपालन गरिरहेका किसानहरुको पशुपालनको क्षेत्रमा निजि क्षेत्रबाट प्राविधिक सहयोग पुऱ्याउने र यहाँका किसानहरुलाई पशुपालनमा प्राविधिक सेवा प्रदान गर्न वाञ्छनीय देखिएकोले गाउँकार्यपालिकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ बमोजिम यो कार्यविधि २०७९ तयार गरिएको छ।

## परिच्छेद-१
## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यधिको नाम "ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता दर्ता, नविकरण कार्यविधि" रहेको छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

३. **परिभाषा** : विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) "गाउँपालिका"भन्नाले ताँजाकोट गाउँपालिका सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले ताँजाकोट गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(घ) "अध्यक्ष" भन्नाले ताँजाकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ताँजाकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(च) "विषयगत समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस गाउँपालिकाको कार्य सम्पादन निमावली, २०७४ बमोजिम कार्यपालिकाबाट गठन भएको समितिलाई सम्झनुपर्छ।

(छ) "अनुगमन तथा मुल्यांकन समिति" भन्नाले गाउँपालिकाको अनुगमन समिति वा सो कार्य गर्नका लागि तोकिएको समितिलाई सम्झनुपर्छ।

(झ) "पशुपालन" भन्नाले बंगुर, गाई, भैंसी, भेडा, बाख्रा पालन आदिलाई सम्झनुपर्छ।

## परिच्छेद-२
## कार्यक्रमको उदेश्य, कार्यक्षेत्र सम्बन्धी व्यवस्था

४. **कार्यक्रमको उदेश्य** : यस कार्यक्रमको उदेश्य देहाय बमोजिम रहेको छ।

१. पशुपालन गर्ने किसानहरुका पशुपंन्छीहरुमा ग्रामीण स्तरमा खोप,उपचार र भेटेरीनरी प्राविधिक सेवा प्रदान र प्रवर्द्धन गर्ने।

२. नेपाल सरकारले ल्याएको पशुपन्छीं उपचार सेवालाई निजि क्षेत्रबाट भेटेरीनरी प्राविधिक सेवा प्रदान गर्ने र किसानहरुलाई लाभदिने।

५. **कार्यक्षेत्र** : ताँजाकोट गाउँपालिकाका ।

६. **लाभग्राही** : यस कार्यक्रममा लाभग्राही पशुपंन्छीहरुमा ग्रामीण स्तरमा खोप, उपचार र भेटेरीनरी प्राविधिक सेवानिजि क्षेत्रबाट प्रदान गरी किसानलाई लाभ हुने ।

७. **निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु** : यस कार्यक्रममा तपसिल बमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछ ।

क) निवेदन र नागरिकता प्रमाण पत्रको फोटोकपी ।

ख) नेपाल सरकारबाट मान्यता प्राप्त निकायबाट कम्तिमा ३५ दिने ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम, पशुपालन, भेटेरीनरी सम्बन्धी १८ महिने अध्ययन (जे.टि.ए.), जे.टि., (आई.एससी.एजी. पशुपालन) प्रमाण पत्रको फोटोकपी ।

ग) सम्बन्धित वडाको सिफारिस पत्र ।

घ) संघ संस्था समुह, सहकारी, फर्म, प्रा. लि., कम्पनीमा कार्यरत भएमा सम्बन्धित संस्थाको सिफारीस ।

८. **समिति** : प्राप्त भएका निवेदनहरुको बारेमा छलफल तथा स्थलगत अनुगमन गरीदर्ता/ नविकरण गर्न देहाय बमोजिमको स्थलगत अनुगमन तथा सिफारिस समिति गठन गरिनेछ ।

१. संयोजक - आर्थिक विकास समिति

२. सदस्य - आर्थिक विकास शाखा प्रमुख

३. सदस्य सचिव - पशु सेवा शाखा प्रमुख

७.३ **समितिको काम, कर्तब्य र अधिकार** : स्थलगत अनुगमन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

१. दर्ता/नविकरणका लागि प्राप्त निवेदनहरु संकलन गरी गाउँपालिकामा पेश गर्ने ।

२. दर्ताका लागि निवेदन दिएका निवेदकहरुले पेश गरे अनुसार तालिम गरे नगरेको यर्थात अवस्था जानकारी लिने ।

३. प्राप्त भएका निवेदन दर्ता गरी दर्ता/नविकरण प्रमाण पत्र प्रदान गर्ने ।

## परिच्छेद-३

## अनुगमन मुल्यांकन सम्बन्धी व्यवस्थापन

८. **अनुगमन मुल्यांकन सम्बन्धी व्यवस्था** : यस कार्यक्रमको प्रभावकारिताको बारेमा अनुगमन मुल्यांकन गरी कार्यक्रमलाई आगामी वर्षमा समेत निरन्तरता प्रदान गर्ने सम्बन्धमा सुझाव प्रदान गर्न तपसिल बमोजिमको गाउँपालिका स्तरीय अनुगमन समिति रहनेछ।

(क) उपाध्यक्ष - संयोजक

(ख) आर्थिक विकास समिति संयोजक - सदस्य

(ग) आर्थिक विकास शाखा प्रमुख - सदस्य

(घ) पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

## परिच्छेद-४

## विविध

९. **निवेदनको ढाँचा** : यस सञ्चालन गर्नका लागि माग गरिने आवेदनको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ।

१०. **अभिलेख सुरक्षित राख्नु पर्ने** : दर्ता गरिएका अभिलेख पशुसेवा शाखाले सुरक्षित रुपमा राख्नु पर्नेछ।

११. **व्याख्या गर्ने अधिकार** : यस कार्यविधिको व्याख्या गर्ने अधिकार ताँजाकोट गाउँपालिका, गाउँ कार्यपालिकालाई हुनेछ।

१२. **बाधा अडकाउ फुकाउन सक्ने** : गाउँ कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन वा बाधा अड्काउ फुकाउन सक्नेछ।

**अनुसूची-१**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
ताँजाकोट गाउँपालिका गाउँ कार्यपालिकाको
कार्यालय चाखुरे, हुम्ला कर्णाली प्रदेश, नेपाल

मिति :.................

विषय : दर्ता नविकरण निवेदनदिएको बारे ।

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको वडा .... मा निवासी म ......................... ले श्री ................................ बाट .............................. सम्बन्धि तालिम लिएकाले ग्रामिण स्वास्थ्य कार्यकर्ता दर्ता नविकरण गरी पाउँ भनि निवेदन साथ तपशिलका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

**तपशिल**:

१. संघ सस्था, समूह, सहकारी, फर्म, प्रा.लि. वा कम्पनीमा कार्यरत भएमा सम्बन्धित संस्थाको सिफारिस पत्र,
२. प्रमाण पत्रको प्रतिलिपि,
३. सम्बन्धित वडाको सिफारिस पत्र,
४. नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

निवेदक
हस्ताक्षर :...............................
नाम :..................................
कार्यरत संस्थाको नाम :.................
ठेगाना :................................
सम्पर्क नं. :............................

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले,
लाल प्रशाद ढकाल
प्रमुख प्रशासकय अधिकृत